# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, माघ २७ गते, २०७० साल (संख्या ४२

## भाग ३

### सर्वोच्च अदालतको सूचना

### सर्वोच्च अदालत (चौधौं संशोधन) नियमावली, २०७०

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सर्वोच्च अदालत (चौधौं संशोधन) नियमावली, २०७०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ११ मा संशोधन : सर्वोच्च अदालत नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :-

"११. स्थायी समिति : (१) न्याय प्रशासन तथा व्यवस्थापन सम्बन्धी विषयमा नीति निर्धारण गरी त्यसको अनुगमन गर्न प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका चारजना वरिष्ठतम् न्यायाधीशहरु रहेको एक स्थायी समिति रहनेछ।

(२) स्थायी समितिको बैठक प्रधान न्यायाधीशद्वारा निर्धारित विषयमा छलफल गर्न तोकिएको स्थान, मिति र समयमा बस्नेछ।

(३) स्थायी समितिको बैठकमा मतैक्य नभएमा प्रधान न्यायाधीशको राय मान्य हुनेछ।

(४) रजिष्ट्रार स्थायी समितिको सचिव हुनेछ।

(५) स्थायी समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने जिम्मेवारी रजिष्ट्रारको हुनेछ।"

३. मूल नियमावलीको नियम १३क. मा संशोधन : मूल नियमावलीको नियम १३क. को सट्टा देहायको नियम १३क. राखिएको छ :-

"१३क. अदालत व्यवस्थापन समिति : (१) सर्वोच्च अदालत तथा मातहतका अदालतहरुको जनशक्ति, सुरक्षा, भौतिक पूर्वाधार, भौतिक संशाधनहरुको व्यवस्थापन र बजेट विनियोजन लगायतका व्यवस्थापकीय विषयमा आवश्यक नीति निर्धारण गरी त्यसको अनुगमन गर्न देहाय बमोजिमको अदालत व्यवस्थापन समिति रहनेछ :-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश - सदस्य

(ग) सर्वोच्च अदालतको रजिष्ट्रार - सदस्य

(घ) सर्वोच्च अदालतको लेखा शाखाको प्रमुख - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सर्वोच्च अदालत तथा मातहतका अदालतहरुको कार्यबोझ विश्लेषण गरी जनशक्तिको आवधिक रुपमा पुनरावलोकन तथा व्यवस्थापनसम्बन्धी प्रबन्ध गर्ने,

(ख) अदालतमा विद्यमान जनशक्तिको वृत्ति विकासको बारेमा आवश्यक नीति निर्धारण गरी सिफारिश गर्ने,

(ग) अदालत, न्यायाधीश, कर्मचारी तथा अदालतका प्रयोगकर्ताहरुको सुरक्षाका सम्बन्धमा अवलम्बन गर्नुपर्ने उपायहरु निर्धारण गर्ने,

(घ) अदालतको भौतिक पूर्वाधारको निर्माण, मर्मत, सम्भार, सुधार र संरक्षण गर्ने गराउने,

(ङ) अदालतको भौतिक पूर्वाधार निर्माण र सुधार समेतका लागि स्रोत र साधनको बाँडफाँड गरी त्यसको अनुगमन गर्ने,

(च) अदालतलाई उपलब्ध बजेट तथा साधन र स्रोतको बाँडफाँड एवं आवश्यकीय प्रबन्ध गर्ने ।

४. मूल नियमावलीको नियम १३घ. मा संशोधन : मूल नियमावलीको नियम १३घ. को सट्टा देहायको नियम १३घ. राखिएको छ :-

"१३घ. प्रकाशन, सञ्चार तथा सम्पादन समिति : (१) सर्वोच्च अदालतका प्रकाशनहरुको प्रबन्ध गर्न र न्यायिक सूचना सम्प्रेषणसम्बन्धी विषयमा नीति निर्धारण गरी त्यसको अनुगमन गर्न देहाय बमोजिमको प्रकाशन, सञ्चार तथा सम्पादन समिति रहनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एकजना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य

(ग) महान्यायाधिवक्ताले तोकेको एक जना नायब महान्यायाधिवक्ता -सदस्य

(घ) नेपाल बार एशोसिएशनको अध्यक्ष वा सो एशोसिएशनले तोकेको एक जना पदाधिकारी -सदस्य

(ङ) सर्वोच्च अदालत बार एशोसिएशनको अध्यक्ष वा सो एशोसिएशनले तोकेको एक जना पदाधिकारी -सदस्य

(च) प्रधान न्यायाधीशले तोकेको कानून अध्यापन गराउने संस्थासँग सम्बद्ध एक जना कानून शिक्षक -सदस्य

(छ) रजिष्ट्रार वा निजले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन लगायत समितिले आवश्यक सम्झेका अन्य पुस्तक, पुस्तिका लगायतका प्रकाशन र सम्पादन समेतका आवश्यकीय कार्य गर्ने,

(ख) उपनियम (२) को खण्ड (क) बमोजिमका प्रकाशनहरुको बिक्री वितरणसम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) रेडियो, टेलिभिजन तथा वेबसाइट लगायतका सञ्चार माध्यमद्वारा न्यायपालिकाका काम कारवाहीका बारेमा सूचना सम्प्रेषणसम्बन्धी नीति तर्जुमा गरी त्यसको अनुगमन गर्ने,

(घ) अदालतका काम कारवाहीहरुका सम्बन्धमा सञ्चार माध्यमहरुसँग समन्वय कायम गर्न आवश्यक नीति तर्जुमा गरी त्यसको अनुगमन गर्ने ।

(३) उपनियम (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यहरुको पदावधि एक वर्ष हुनेछ।

(४) अध्यक्षको निर्देशानुसार समितिको बैठकमा सम्पादक वा रेडियो वा टेलिभिजन कार्यक्रम संयोजक लगायतका अन्य सम्बन्धित पदाधिकारी वा अधिकृतलाई आमन्त्रण गरिनेछ।"

५. मूल नियमावलीको नियम १३घ१. मा संशोधन : मूल नियमावलीको नियम १३घ१. को सट्टा देहायको नियम १३घ१. राखिएको छ :-

"१३घ१. मुद्दा व्यवस्थापन तथा बाल न्याय समिति : (१) सर्वोच्च अदालत, मातहत अदालत तथा न्यायिक निकायहरुमा रहेका मुद्दाहरुको व्यवस्थापन, अभिलेख तथा बाल न्यायसम्बन्धी विषयमा आवश्यक नीति निर्धारण गरी त्यसको अनुगमन गर्न देहाय बमोजिमको मुद्दा व्यवस्थापन तथा बाल न्याय समिति रहनेछ :-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुस तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको एक जना मुख्य न्यायाधीश -सदस्य

(घ) प्रधान न्यायाधीशले तोकेको एक जना जिल्ला न्यायाधीश -सदस्य

(ङ) नेपाल बार एशोसिएशनको अध्यक्ष वा सो एशोसिएशनले तोकेको एक जना पदाधिकारी -सदस्य

(च) रजिष्ट्रार वा निजले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सर्वोच्च अदालत तथा मातहतका अदालतहरुको मुद्दा फछ्यौंटको योजना निर्धारण गरी त्यसको आवधिक समीक्षा गर्ने,

(ख) मुद्दाको काम कारवाहीमा देखा परेका समस्याहरुको निराकरण गर्न र कार्यविधिगत एकरुपता कायम गर्न आवश्यक निर्देशन दिने,

(ग) मुद्दा व्यवस्थापनका विविध पक्षहरुमा अध्ययन विश्लेषण गरी सेवाग्राहीको हितमा मुद्दाको काम कारवाहीलाई छिटो छरितो र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,

(घ) मुद्दा तथा अदालतमा रहने अभिलेख पारदर्शी र प्रभावकारी रुपमा राख्न अनुगमन गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ङ) बाल न्यायसम्बन्धी विषयमा आवश्यक नीति निर्धारण गरी कार्यान्वयन गर्ने गराउने ।"

६. मूल नियमावलीको १३घ२. मा संशोधन : (१) मूल नियमावलीको नियम १३घ२. को,-

(१) खण्ड (क), (ख) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख) र (ङ) राखिएका छन् :-

"(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य

(ङ) रजिष्ट्रार वा निजले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव"

(२) खण्ड (ग) झिकिएको छ ।

७. मूल नियमावलीको १३घ३. मा संशोधन : (१) मूल नियमावलीको नियम १३घ३. को,-

(१) नियम शीर्षकमा रहेको "सूचना प्रविधि" भन्ने शब्दहरु पछि "तथा पुस्तकालय" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (१) मा रहेको "सूचना प्रविधिको प्रयोग" भन्ने शब्दहरु पछि "तथा पुस्तकालय व्यवस्थापनका" भन्ने शब्दहरु र "एक सूचना प्रविधि" भन्ने शब्दहरु पछि "तथा पुस्तकालय" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य"

(४) उपनियम (१) को खण्ड (घ) झिकिएको छ ।

(५) उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) रजिष्ट्रार वा निजले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव"

(६) मूल नियमावलीको नियम १३घ३. को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) न्यायपालिकाका समग्र काम कारवाहीहरुलाई सूचना प्रविधि मैत्री बनाउने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने,

(ख) सर्वोच्च अदालत तथा मातहतका अदालतहरुमा सूचना प्रविधिको संस्थागत विकासको लागि आवश्यक पर्ने संरचनागत व्यवस्थाका सम्बन्धमा नीति तर्जुमा गर्ने,

(ग) न्याय सम्पादनको कार्यमा समयसापेक्ष रुपमा सूचना प्रविधिको प्रयोग र विस्तार गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने,

(घ) अदालतहरुमा पुस्तकालयको व्यवस्थापन गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) विद्युतीय पुस्तकालयको स्थापना र विकास गर्ने गराउने सम्बन्धमा आवश्यकीय कार्य गर्ने,

(च) पुस्तकालयको लागि आवश्यक सफ्टवेयर, पुस्तक तथा पत्रिकाको प्रबन्ध र व्यवस्थापन गर्ने ।"

(७) नियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) अध्यक्षको निर्देशानुसार समितिको बैठकमा सूचना प्रविधि शाखाको निर्देशक वा पुस्तकालय प्रमुख लगायत अन्य सम्बन्धित पदाधिकारी वा अधिकृतलाई आमन्त्रण गरिनेछ ।"

८. मूल नियमावलीको नियम १३घ४. मा संशोधन : (१) मूल नियमावलीको नियम १३घ४. को,-

(१) उपनियम (१) को खण्ड (ख) र (थ) को सट्टा देहायको खण्ड (ख) र (थ) राखिएका छन् :-

"(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य

(थ) रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार -सदस्य सचिव"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) न्यायिक काम कारवाहीलाई छिटो छरितो एवं प्रभावकारी बनाउन तथा न्यायमा जनताको पहुँच बढाउनका लागि सरोकारवाला निकायहरुबीचको सम्बन्ध विकास र समन्वय कायम गर्ने विषयमा आवश्यक प्रबन्ध गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पुनरावेदन तथा जिल्ला अदालतहरुमा रहेका न्याय क्षेत्र समन्वय समितिको काम कारवाहीको अनुगमन गरी प्रभावकारिताका लागि आवश्यक मार्ग निर्देश गर्ने,

(ग) फैसला कार्यान्वयनका अवस्थाको आवधिक मूल्याङ्कन गरी शीघ्र फैसला कार्यान्वयनका लागि आवश्यक नीति निर्धारण तथा सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।"

९. मूल नियमावलीको नियम १३घ५. मा संशोधन : मूल नियमावलीको नियम १३घ५. को सट्टा देहायको नियम १३घ५. राखिएको छ :-

"१३घ५. योजना, अनुसन्धान तथा बाह्य सहयोग व्यवस्थापन समिति : (१) न्यायपालिकाको रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन तथा न्याय प्रशासनसम्बन्धी समसामयिक विषयहरुमा अध्ययन अनुसन्धान गर्न एवं बाह्य सहयोगको व्यवस्थापनसम्बन्धी विषयमा आवश्यक नीति निर्धारण गर्न देहाय बमोजिमको योजना, अनुसन्धान तथा बाह्य सहयोग व्यवस्थापन समिति रहनेछ :-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एक जना न्यायाधीश -अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यकता अनुसार तोकेको सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य



८२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी निर्देशक -सदस्य

(घ) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको एक जना मुख्य न्यायाधीश -सदस्य

(ङ) सर्वोच्च अदालतको रजिष्ट्रार -सदस्य

(च) कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सचिव -सदस्य

(छ) न्याय परिषद्को सचिव -सदस्य

(ज) प्रधान न्यायाधीशले तोकेको एक जना जिल्ला न्यायाधीश -सदस्य

(झ) सर्वोच्च अदालतको प्रशासन महाशाखाको सहरजिष्ट्रार -सदस्य

(ञ) फैसला कार्यान्वयन निर्देशनालयको महानिर्देशक -सदस्य

(ट) रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार-सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) न्यायपालिकाको रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनसम्बन्धी नीति निर्धारण गर्ने,

(ख) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालत तथा मातहतका अदालतहरुलाई आवश्यक निर्देशन दिने र रणनीतिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योजनाको कार्यान्वयनका सम्बन्धमा अन्य निकायहरुसँगको सहयोग र समन्वयसम्बन्धी आवश्यक कार्य गर्ने,

(ग) रणनीतिक योजनाको कार्यान्वयनका सम्बन्धमा सर्वोच्च अदालत तथा मातहत अदालतहरुको आवधिक प्रगति समीक्षा गरी कार्यान्वयनमा देखिएका समस्याहरुको सम्बोधनका लागि आवश्यक कार्य गर्ने गराउने,

(घ) योजनाको प्रभावकारी कार्यान्वयनका लागि जनशक्तिहरुमा सिप विकाससम्बन्धी कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) योजनासँग सम्बन्धित विषयमा यस नियमावली बमोजिम गठित समितिहरुसँग निरन्तर सम्पर्कमा रही प्रगति विवरण प्राप्त गर्ने तथा योजनाको कार्यान्वयनमा सहयोग र समन्वय गरी आवधिक समीक्षा गर्ने,

(च) न्याय, कानून तथा न्याय प्रशासनसम्बन्धी समसामयिक विषयहरुमा अध्ययन, अनुसन्धान गर्ने गराउने,

(छ) विदेशी अदालत, न्यायिक निकाय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सम्बन्ध विकास गर्न तथा न्याय क्षेत्रको सुधारका लागि विदेशी दातृनिकाय वा अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा आवश्यक नीति निर्धारण र समन्वय गर्ने ।”

१०. मूल नियमावलीको नियम १३ङ. मा संशोधन : मूल नियमावलीको नियम १३ङ. को सट्टा देहायको नियम १३ङ. राखिएको छ :-

“१३ङ. अन्य समितिको गठन तथा समितिहरुको कार्य व्यवस्थापन : (१) यस परिच्छेदमा रहेका समितिहरुका अतिरिक्त प्रधान न्यायाधीशले तोके बमोजिमको अध्यक्ष एवं सदस्यहरु रहने गरी आवश्यकता अनुसार निर्धारित कार्य सम्पन्न गर्न अन्य समितिको गठन हुन सक्नेछ ।

(२) प्रधान न्यायाधीशले यस परिच्छेद बमोजिम गठित समितिका अध्यक्ष तथा तोकिएका सदस्य न्यायाधीशहरुको प्रत्येक दुई महिनामा बैठक बोलाई समितिको प्रगति विवरण प्रस्तुत गर्न लगाउन र समितिहरुबीचको आपसी समन्वयका बारेमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस परिच्छेद बमोजिम गठित समितिको बैठकमा छलफल हुने विषयवस्तुका आधारमा अन्य समितिका अध्यक्ष, सदस्य, नेपाल सरकारका मुख्य सचिव वा सचिव तथा महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन, सर्वोच्च अदालत बार एशोसिएशन, नेपाल कानून व्यवसायी परिषद्, कानून अध्यापन गराउने निकाय, सुरक्षा निकाय, नागरिक समाजका प्रतिनिधि लगायत अन्य निकायका पदाधिकारी वा अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) यस परिच्छेद बमोजिम गठित समितिमा एकभन्दा बढी न्यायाधीश रहेमा अध्यक्षले समितिको काम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्तव्य र अधिकारभित्र पर्ने कुनै विषयका हकमा सदस्य न्यायाधीशलाई जिम्मेवारी तोक्न सक्नेछ।"

११. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u> : मूल नियमावलीको नियम २१ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

१२. <u>खारेजी</u> : मूल नियमावलीमा रहेका नियम १३, १३ख र १३ग खारेज गरिएका छन्।

आज्ञाले,
**लोहितचन्द्र शाह**
रजिष्ट्रार
सर्वोच्च अदालत

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।